बागमती प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या: २०८०/०८१
चलानी नम्बर:

**आर. पि. एल. परामर्शकर्ता/ मूल्याङ्कनकर्ता रिफ्रेसर तालिम (RPL Counsellor / Assessor Refresher Training) सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति: २०८०/०६/१०**

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना दोस्रो (NVQS-P II) को आर्थिक सहयोग र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् , बागमती प्रदेश कार्यालयको सहकार्यमा ३ दिने आर. पि. एल. परामर्शकर्ता/मूल्याङ्कनकर्ता रिफ्रेसर तालिम (RPL Counsellor/ Assessor Refresher Training) मा सहभागी हुन इच्छुक प्राविधिक तथा व्यावसायिक विषयका मूल्याङ्कनकर्ताले मिति २०८०/०७/०३ गते भित्र email: tech@ctevtbagmati.org.np वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, बागमती प्रदेश कार्यालय वा नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सहयोग इकाई, सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशमामा स्वयं उपस्थित भई तपसिलमा उल्लेखित कागजात सहित आवेदन पेस गर्नुहुन अनुरोध गरिन्छ । आवेदन फाराम www.ctevtbagmati.org.np बाट डाउनलोड गरी वा CTEVT, बागमती प्रदेश कार्यालय, हेटौंडा, मकवानपुरबाट प्राप्त गर्न सकिनेछ ।

**निवेदन पेस गर्न सकिने पेसा/व्यवसायहरु**

| क्र.स. | पेसा | क्र.स. | पेसा |
|---|---|---|---|
| १ | Mobile Phone Repair Technician | ७ | Garment Fabricator/Tailoring |
| २ | Building Painter | ८ | Computer Hardware and Network Technician |
| ३ | Plumber | ९ | Welder |
| ४ | Tile Marble Fixer | १० | Gold and Silver Smith |
| ५ | Construction Mason | ११ | Interior Decorator |
| ६ | Ref and AC Mechanic | १२ | Vegetable Seed Grower |

**आवेदनको लागि न्यूनतम योग्यता:**

१. बागमती प्रदेशमा स्थायी ठेगाना भएको वा बागमती प्रदेशमा रही सम्बन्धित पेशामा संलग्न रहेको मूल्यांकनकर्ता
२. सिप मूल्यांकनकर्ता तालिम प्रमाणपत्र र मूल्यांकनकर्ता परिचय पत्र प्राप्त गरी सम्बन्धित पेसा/व्यवसायको कम्तीमा एक पटक मूल्याङ्कनकर्ताका रुपमा काम गरेको ।
३. न्यूनतम शैक्षिक योग्यता एस. एल.सी/एसईई/प्राविधिक एस.एल सी उत्तीर्ण

खुबिराम अधिकारी
उपसचिव
(अधिकृतस्तर दशौं)

फोन नं.: ०५७-५२४८३५, ०५७-५२४८३६, ०५७-५२३८५७, ०५७-५२७७२८ र ०५७-५२३१७९
इमेल: mosd@bagamati.gov.np, वेबसाइट: mosd.bagamati.gov.np

बागमती प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः २०८०/०८१

चलानी नम्बरः

**पेस गर्नुपर्ने कागजातहरु**

१. नेपाली नागरिकताको प्रमाणपत्र, सिप परीक्षणको प्रमाणपत्र वा प्राविधिक तथा शैक्षिक योग्यताको प्रमाण पत्र, कार्य अनुभवको पत्र, राष्ट्रिय सिप परीक्षण समितिबाट प्रदान गरिएको मूल्याङ्कनकर्ता आई. डि., Assessor Training Certificate को स्वयं प्रमाणित प्रतिलिपिहरू (अनिवार्य पेश गर्नु पर्ने)

२. बसाईंसराई भई यस प्रदेशमा बसोबास भएको भए बसाईंसराई प्रमाण पत्रको प्रमाणित प्रतिलिपी

३. दलित/जनजाति खुलेको सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित आयोगबाट प्रमाणित गरिएको प्रमाणित प्रतिलिपी

४. न्यूनतम योग्यता भन्दा माथिल्लो योग्यता हासिल गरेको भए शैक्षिक योग्यताका प्रमाण पत्रहरु

**थप जानकारी:**

✓ सम्बन्धित पेशा, व्यावसायको माथिल्लो तहको प्रमाणपत्रलाई प्राथमिकता दिइनेछ।

✓ तालिमका लागि छनौट भएका सहभागीहरुलाई टेलिफोन वा SMS मार्फत जानकारी गराइने छ । कुनै कारणले सम्पर्क हुन नसकेमा आवेदक स्वयं जिम्मेवार हुनु पर्नेछ ।

✓ छनौट भएका सहभागीहरुले तालिममा आउँदा पहिलो दिन माथि उल्लेखित सक्कल कागजातहरु ल्याउनु पर्नेछ ।

✓ ३ दिनको तालिम अवधिभर पूरा समय सहभागी हुनेहरुलाई मात्र प्रमाणपत्र उपलब्ध गराइनेछ ।

**(नोट:थप जाकारीका लागि CTEVT , बागमती प्रदेश कार्यालयको फोन नं. ०५७-५२३१६९ / ०५७-५२४९९१ वा सामाजिक विकास मन्त्रालय, नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना (NVQS-P II) कार्यान्वयन सहयोग इकाईको फोन नं. ०५७-५९००१७ मा सम्पर्क गर्नुहोला।)**

पुनश्चः इमेलमा आवेदन पठाइसकेपछि सुनिश्चितता गर्नुहुन अनुरोध छ ।

..............................

(खुबिराम अधिकारी)

महाशाखा प्रमुख

खुबिराम अधिकारी
उपसचिव
(अधिकृतस्तर दशौं)